वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एडीबी
समाचार
नेपालबाट

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

कार्तिक, २०५९

# एडीबी निरीक्षण कार्यको समीक्षा



**बाहिरी परामर्श :** दक्षिण एशियाका सरकारी तथा नागरिक समाज प्रतिनिधिहरू निरीक्षण कार्यको समीक्षा सम्बन्धी उपक्षेत्रीय कार्यशालामा सहभागी हुँदैछन् ।

एशियाली विकास बैंक (एडीबी) ले आफ्नो सहयोगमा सञ्चालित परियोजनाहरूको अनुगमनकालागि वि.सं. २०५३ देखि निरीक्षण नीति लागू गर्दै आएको छ। यस नीतिले एडीबीद्वारा लगानी गरिएका आयोजनाबारे उजुरी गर्न स्थानीय समूहहरूलाई औपचारिक माध्यम उपलब्ध गराएको छ। आयोजनाको गुणस्तर, पारदर्शिता तथा उत्तरदायित्व वृद्धि गर्नमा थप सघाउ पुगोस् भन्ने मनसायले एडीबीले यो नीति तयार पारेको हो ।

एडीबीले हाल आफ्नो निरीक्षण कार्यको समीक्षा गरिरहेको छ। यसै सिलसिलामा २०५९ साल श्रावण ३१ गते शुक्रबारको दिन काठमाडौंमा 'निरीक्षण कार्यको समीक्षासम्बन्धी उपक्षेत्रीय कार्यशाला' आयोजना गरेको थियो। एडीबीको निरीक्षण कार्यनीतिको समीक्षा गर्न चरणबद्धरुपमा कार्यशालाहरू हुँदै आएका थिए। काठमाडौंमा आयोजित कार्यशाला पनि त्यसैको एक भाग हो। एडीबीका अध्यक्ष टाडाओ चिनोले निरीक्षण कार्यनीतिको समीक्षाकालागि सञ्चालक समिति तथा कार्यसमूह गठन गर्नुभएको छ। वि.सं. २०५९ मा एडीबी सञ्चालक समितिसमक्ष अध्ययन प्रतिवेदन पेस गर्नेगरी कमिटी र समूहहरू गठन गरिएका हुन्।

कार्यशालामा बंगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका सरकारी तथा नागरिक समाजका ३१ प्रतिनिधिहरूले भाग लिएका थिए। एडीबीको समीक्षा मुख्यतया तीन विषयमा केन्द्रित हुनेछ- चालू आयोजनाहरूको अनुभवबाट हासिल ज्ञान, यस क्षेत्रमा आएको नयाँ सोंच र सम्बन्धित व्यक्ति तथा समूहको प्रतिक्रिया। सरकारी अधिकारी, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्र लगायत सबै साझेदारहरूसँगको परामर्श पनि समीक्षा प्रक्रियाको एक महत्वपूर्ण अङ्ग हुनेछ।

एडीबीले परामर्श योजना पनि तयार पारेको छ, जसमा एक प्रमुख क्षेत्रीय परामर्श कार्यशाला तथा अन्य उपक्षेत्रीय र विशेष परामर्श कार्यशालाहरू पर्दछन्। एडीबीले मनिला (फिलिपिन्स) मा क्षेत्रीय कार्यशाला आयोजना गरिसकेको छ भने टोकियो (जापान), ओट्टावा (क्यानाडा), फ्रयांकफर्ट (जर्मनी) र वासिङ्टन डी.सी. (संयुक्तराज्य अमेरिका) मा परामर्श कार्यशाला आयोजना गरेको छ। यसैगरी, कराँची (पाकिस्तान) मा एक विशेष परामर्श कार्यशाला आयोजना गरिएको छ। उपक्षेत्रीय कार्यशाला भने नोमपेन्ह (कम्बोडिया), बेइजिङ (जनवादी गणतन्त्र चीन) र सिड्नी (अष्ट्रेलिया) मा आयोजना भएका छन्।

## निरीक्षण प्रक्रिया

निरीक्षणकालागि परियोजना क्षेत्रका समुदाय वा कुनै आधिकारिक प्रतिनिधिले अनुरोध गर्नुपर्छ। निरीक्षणकालागि गरिएका उजुरी वा आग्रहमा दुईवटा कुरा उल्लेख हुनु अत्यन्तै आवश्यक छ : १) आयोजनाको संरचना तयार पार्दा वा कार्यान्वयनमा ल्याउँदा एडीबीको नीति उल्लंघन भएको छ भन्ने विश्वसनीय आधार, २) एडीबीको नीतिमा भएको उल्लंघनले परियोजना क्षेत्रका वासिन्दालाई कसरी हानी पुऱ्याएको छ वा पुऱ्याउनसक्छ भन्ने प्रमाण।

चालु निरीक्षण नीतिका निम्न दुई महत्वपूर्ण कदमहरू छन् :

- प्रभावित व्यक्तिले परियोजनाका सम्बन्धमा एडीबीका अध्यक्षसमक्ष लिखित उजुरी पेस गर्नुपर्छ, र
- एडीबीको व्यवस्थापनबाट प्राप्त जवाफ 'सन्तोषजनक' नभएमा उनीहरूले निरीक्षण समितिको बोर्डसमक्ष परियोजना निरीक्षणकालागि अनुरोध गर्नसक्छन्।

निरीक्षण समितिले आफूकहाँ पेस भएका अनुरोधपत्रहरूलाई बोर्डसमक्ष निरीक्षणकालागि सिफारिस गर्ने/नगर्ने निर्णय गर्छ। निरीक्षणकालागि विज्ञहरूको एक स्वतन्त्र समूह गठन गरिन्छ। वि.सं. २०५४ यता निरीक्षणकालागि एडीबीमा सातवटा उजुरी पेस भएका छन्, तर स्वतन्त्र निरीक्षण समूहले हालसम्म एउटालाई मात्र निरीक्षणकालागि उपयुक्त र पर्याप्त आधार भएको उजुरीका रुपमा लिएको छ।

## नयाँ निरीक्षण कार्यका सिद्धान्त

निरीक्षण कार्य पूर्ण स्वतन्त्र, पारदर्शी, सबै साझेदारकालागि निष्पक्ष तथा स्थानीय व्यक्ति र परियोजनासँग आबद्ध व्यक्तिहरूले उठाएका सवालमा

*बाँकी पेज दुई मा*

## यस अंकमा...


- सरकार-निजी क्षेत्र साझेदारीको विकास २
- परामर्शदाता फर्म नियुक्तिको नयाँ विधि ३
- नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकद्वारा पुस्तक विमोचन ३
- राष्ट्रिय निर्देशकको सभापतित्वमा गोलमेच बैठक सम्पन्न ४
- कार्यशाला तथा कार्यक्रमहरूको झाँकी ४
- नियोगका कर्मचारीहरूको समाचार ४

# सरकार-निजी क्षेत्र साझेदारीको विकास

एशियाली विकास बैंक (एडीबी) ले एशिया तथा प्रशान्त क्षेत्रकालागि दुई पूरक रणनीति अवलम्बन गरेको छ। ती हुन्- गरिबी निवारण र निजी क्षेत्रको विकास। नेपालमा निजी क्षेत्रको विकासकालागि एडीबीले कानूनी तथा नितिगत सुधारमा जोड दिने प्रयास गरेको छ।

एडीबीले सरकारको संस्थान तथा वित्तीय शासन कार्यक्रममा सघाउ पुऱ्याउँदै आएको छ। यसले निजी क्षेत्रलाई उद्योग व्यापार चलाउन उपयुक्त वातावरण सिर्जना गर्छ। मुलुकको कानूनी तथा नियम सम्बन्धी संरचना, स्तर र नीतिहरूको सुधार यस कार्यक्रमअन्तर्गत पर्दछन्। त्यस्तै, संस्थान तथा वित्तीय शासनमा संलग्न संस्था र नियम-कानूनको तर्जुमा तथा कार्यान्वयनमा संलग्न निकायहरूको क्षमता अभिवृद्धिलाई पनि यसले समेटेको छ। एडीबीको निजी क्षेत्र विकास रणनीतिले सरकार-निजी क्षेत्र साझेदारी (पीपीपी) मा समेत सघाउ पुऱ्याउन खोजेको छ। पीपीपी भनेको सेवा आपूर्तिका लागि सरकारी तथा निजी साझेदारहरूबीच सम्भाव्य सम्बन्धहरूको वृहत रुप हो। पीपीपीको मूल अवधारणामा बहुमुखी साझेदारहरूको आवश्यकता पर्छ, जसमा गैरसरकारी संस्था, नागरिक समाज, सरकार, निजी फर्म तथा दातृ संस्थाहरू पर्दछन्।

पीपीपीको स्थायित्वकालागि उपलब्धिमूलक सहभागिता र सँगसँगै त्यस्तो समूहको आवश्यकता पर्छ, जो बहस तथा अनुगमन गर्न सक्षम छन्। पीपीपी सम्बन्धी पुस्तक-प्रकाशनहरूमा उल्लेख भएअनुसार प्रायः सबैजसो क्षेत्रमा पीपीपीका उदाहरणहरू पाइए पनि केही क्षेत्र यस्ता छन् जो यस प्रणालीसँग बढी मेल खान्छन्। विकासोन्मुख मुलुकमा निजी क्षेत्रले सफलता हासिल गरेका क्षेत्रहरू शहरी वातावरण तथा पूर्वाधार विकास त्यसमा पनि विशेषगरी उर्जा, यातायात, सञ्चार र खानेपानी तथा सरसफाई क्षेत्रमा निजी क्षेत्र बढी सफल देखिन्छन्।

नेपालमा एडीबीको सहायतामा सञ्चालित आयोजनाहरू अध्ययन गर्दा धेरैमा पीपीपीका प्रभावहरू पाइन्छन्। उदाहरणकालागि, दोस्रो सिंचाइ क्षेत्र ऋण आयोजनाअन्तर्गत जल उपभोक्ता संघहरूको प्रशिक्षणकालागि प्रसार सेवा दिन गैरसरकारी संस्थाहरूलाई सहभागी गरिएको छ। यसैगरी, काठमाडौं महानगरपालिकाको संस्थागत सुदृढीकरणकालागि फोहोरमैला व्यवस्थापन, बसपार्क, मिटर संकलन र पार्किङजस्ता सार्वजनिक सेवाहरू उपलब्ध गराउन निजी क्षेत्रको सहभागिता वृद्धि गरिएको छ।

नेपालमा दीगो विकासकालागि पीपीपी एक महत्वपूर्ण माध्यम हुनसक्छ। जनसंख्या वृद्धि र शहरीकरणका कारण सरकारी क्षमताले मात्र सार्वजनिक सेवाको बढ्दो माग धान्न नसक्ने हुँदा यसकालागि निजी लगानी आवश्यक छ। सरकारी क्षेत्रले नेतृत्व लिनुपर्ने सम्वेदनशील सामाजिक विकासको सुरुवातकालागि दुर्लभ स्रोत-साधनहरू उपलब्ध गराउन पनि पीपीपीले सहयोग पुऱ्याउन सक्छ।

नेपालमा विद्यमान दातृ समुदाय बीच गरिएको एक सर्भेक्षणमा पीपीपीले सबैतिरबाट समर्थन पाएको देखिन्छ। केहीले पीपीपीलाई कार्यान्वयनमा ल्याउने तयारी गरिरहेको तथा केहीले कार्यान्वयनमा ल्याइसकेको सर्भेक्षणमा पाइएको छ। खानेपानी आपूर्ति, बसपार्क, वधशाला निर्माण, फोहोरमैला व्यवस्थापनजस्ता शहरी क्षेत्रको वातावरणीय विकासका पूर्वाधार तयार गर्न नेपालभरका नगरपालिकाहरूमा पीपीपी अवधारणा सफलतापूर्वक प्रयोगमा ल्याइएको छ।

सुशासन र सार्वजनिक खर्च व्यवस्थापनमा एडीबीले सञ्चालन गरेका कार्यक्रमहरूलाई प्रबर्द्धन गर्न पीपीपी एक महत्वपूर्ण प्रयास हो। यसलाई प्रभावकारीरुपमा विकास गर्ने हो भने सरकारी निकायको विकास र सुधारकालागि पीपीपी उपलब्धिमूलक प्रयास हुनसक्छ। सरकारी स्वामित्वमा रहँदै आएका संस्थान र क्षेत्रमा निजी क्षेत्रको प्रवेशलाई बढावा दिन सरकारले नीतिगत परिवर्तन गरेकाले एडीबीले सरकार तथा निजी लगानीकर्ताको क्षमता अभिवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गर्नसक्छ। ■



**सरकार-निजी क्षेत्र साझेदारी :** एडीबीको सहयोगप्राप्त तेस्रो पशु विकास परियोजनाले सरकार-निजी क्षेत्र साझेदारीलाई प्रबर्द्धन गरेको छ। यस परियोजनाअन्तर्गत महिलाहरू मासुको सरसफाईसम्बन्धी प्रशिक्षण लिदैछन्।

*पेज एकको बाँकी*

केन्द्रित हुनुपर्ने सहमति भएको छ। निरीक्षण कार्यमा एडीबीको अनुभव र साझेदारहरूसँग वृहत् छलफलका आधारमा यस्तो सहमति भएको हो। यसकालागि नयाँ वा संशोधित संरचना प्रस्तावित गरिएको छ, जुन तुलनात्मकरुपमा कम लागत पर्ने, प्रभावकारी तथा कम हानिकारक छ।

### नयाँ निरीक्षण कार्यको क्षेत्र

संशोधित निरीक्षण कार्यको विस्तृत चर्चा कार्यपत्रमा गरिनेछ। यसले प्रमुख मुद्दाहरू पहिचान गर्नुका साथै एडीबी तथा अन्य संस्थाहरूको अनुभवबाट हासिल ज्ञानलाई समेट्नेछ। निजी क्षेत्रको परिचालनकालागि उनीहरूको उत्तरदायित्व वहनसम्बन्धी प्रणालीको उपयोगितामा पनि यो केन्द्रित रहनेछ। एडीबी सञ्चालक समितिसमक्ष पेस गरिने कार्यपत्रको अन्तिम रुपमा साझेदारहरूको सल्लाह पनि समावेश गरिनेछ।

इच्छुक व्यक्तिले निरीक्षण कार्यलगायत जानकारीपत्र तथा कार्यपत्रको मस्यौदा सम्बन्धमा आफ्नो प्रतिक्रिया पठाउन सक्नेछन्। प्रतिक्रिया एडीबीको वेबसाइट http://www.adb.org मा पठाउन सकिनेछ। इमेलकालागि ठेगाना हो, inspectionreview@adb.org। थप जानकारीकालागि http://www.adb.org/Inspection/review.asp मा हेर्नुहोला। ■

# परामर्शदाता फर्म नियुक्तिको नयाँ विधि

एशियाली विकास बैंक (एडीबी) ले आफ्नो ऋण तथा प्राविधिक सहायतामा सञ्चालित परियोजनाहरूकालागि परामर्शदाता फर्म नियुक्त गर्न नयाँ विधि प्रयोगमा ल्याइएको छ। गुणस्तर र कम लागतमा आधारित उक्त विधि वि.सं. २०४९ चैत १९ गतेदेखि पारित भएका ऋण तथा प्राविधिक सहायताका लागि लागू हुनेछ। परामर्शदाता फर्मकालागि यो एडीबीको प्राथमिकताप्राप्त छनौट विधि हो। विश्व बैंकलगायत अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले पनि यो विधि लागू गरिरहेका छन्।

यस विधिले परामर्शदाता संस्था नियुक्ति प्रणालीको लागत घटाउनुका साथै पारदर्शिता बढाउँछ। परामर्शदाता संस्थाको छनौट पूर्णरुपमा प्रस्तावको स्तर र सेवाको लागतमा निर्भर रहेको हुँदा छानिएका दक्ष फर्महरूबीच प्रतिस्पर्धा बढ्छ। प्रस्तावको गुणस्तर र सेवाको लागतलाई क्रमशः ८० र २० प्रतिशत भार दिइएको छ।

यस विधिअन्तर्गत प्रारम्भिक चरणमा छानिएका फर्महरूले आफ्नो वित्तीय तथा प्राविधिक प्रस्ताव दुई छुट्टाछुट्टै खाममा पेस गर्नुपर्छ। सबै छानिएका फर्मले प्राविधिक प्रस्ताव तयार पार्दा एडीबीले तोकेका शर्तहरू पालना गर्नुपर्ने हुन्छ। यो विधिमा पेस भएका प्राविधिक प्रस्तावहरूलाई पहिले नै जानकारी गराइएका निर्धारित मापदण्डद्वारा मूल्यांकन गरिन्छ। प्राविधिक मूल्यांकनमा ७५ प्रतिशत वा त्योभन्दा बढी अंक ल्याउने प्रस्तावलाई मात्र वित्तीय मूल्यांकनकालागि योग्य मानिन्छ। वित्तीय प्रस्तावको मूल्यांकन अत्यन्तै पारदर्शीढंगमा हुन्छ। यसकालागि वित्तीय प्रस्तावमा अंकित गरिएको कुल लागत र प्राविधिक मूल्यांकनमा प्राप्त अंक सार्वजनिकरुपमा पढेर सुनाइन्छ र रेकर्ड गरिन्छ। वित्तीय अंक निर्धारण गर्न पहिले नै जानकारी गराइएका निर्धारित मापदण्डको प्रयोग गरिन्छ।

यद्यपि सबै अवस्थामा यो विधि परामर्शदाता फर्म छनौटका लागि उपयुक्त माध्यम भने हुँदैन। जटिल र अत्यन्तै विशिष्ट कामकालागि परामर्शदाता फर्म नियुक्त गर्दा प्रस्तावको गुणस्तरलाई मात्र छनौटको आधार बनाउनुपर्छ। यस्तो अवस्थामा पनि गुणस्तरमा आधारित छनौट विधि गर्न सकिन्छ। एडीबीको परियोजनासम्बन्धी कागजपत्रमा प्रस्तावित छनौट विधिको वर्णन गरिएको छ। परामर्शदाता फर्म छनौट गर्दा गुणस्तरमा आधारित विधि प्रयोग गर्ने हो भने यसकालागि पर्याप्त आधारहरू दिएको हुनुपर्छ। यसबाहेक केही त्यस्ता अवस्था पनि हुन्छन्, जसमा प्रतिस्पर्धात्मक छनौट विधि लागू गर्न पर्याप्त आधार हुँदैन। यो स्थितिमा एडीबीको पूर्वस्वीकृति लिएर सिधै छनौट गरिन्छ।

एडीबीले आफ्ना कर्जदारहरूलाई नयाँ स्तरबारे सूसुचित गराउन २०५९ साल चैत्रमा परामर्शदाता छनौट सम्बन्धी निर्देशिका *'एडीबी र यसका कर्जादारसंग कामगर्ने परामर्शदाताहरूकोलागि निर्देशिका* (*Guidelines on the Use of Consultants by ADB and its Borrowers*) संशोधनसमेत गरिसकिएको छ। नयाँ निर्देशिकाले वि.सं. २०४५ सालको निर्देशिकालाई संशोधन गरेको छ। एडीबीको नेपाल आवासीय नियोगले संशोधित निर्देशिका सबै सम्बन्धित् सरकारी निकायहरूकहाँ पठाएको छ। नियोगले वि.सं. २०५९ असार मा सरकारी प्रतिनिधिसमक्ष गुणस्तर र लागतमा आधारित परामर्शदाता छनौट विधि सम्बन्धी जानकारी पनि प्रस्तुत गरिसकेको छ। ■

# नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशकद्वारा पुस्तक विमोचन

एशियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सले एशिया फाउण्डेसनद्वारा सन् वि.सं. २०५९ आषाढ ९ गते राजधानीमा आयोजित एक समारोहबीच 'Investing in Ourselves—Giving and Fund Raising in Nepal' शीर्षकको पुस्तक विमोचन गर्नुभयो।




पुस्तक विमोचन : नेपालका लागि एडीबीका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्स 'Investing in Ourselves—Giving and Fund Raising in Nepal'

यो पुस्तक सोही विषयमा एशियाभर भइरहेको एक अध्ययनका सिलसिलामा प्रकाशन गरिएको हो। एडीबी, निप्पोन फाउण्डेसन, अन्तर्राष्ट्रिय विकासकालागि अमेरिकी नियोग तथा एशिया फाउण्डेसनले उक्त अध्ययनमा सहयोग पुऱ्याएका छन्।

कार्यक्रममा डा. भोक्सले पुस्तकको विषयवस्तुमाथि प्रकाश पार्दै भन्नुभयो, 'धनी व्यक्तिहरू मात्र परोपकार संस्थामा संलग्न हुन्छन् वा आर्थिकरुपमा सम्पन्न भएकाहरूले मात्र चन्दा दिन्छन् भन्ने अवधारणालाई यो पुस्तकले नकारेकोछ। अध्ययनअनुसार थोरै स्रोत-साधन भएका व्यक्तिहरू पनि राम्रो कामका लागि सहयोग गर्न ईच्छुक देखिएका छन्। तर, यसकालागि सेवा दिने संस्थाको इमान्दारिता र काम सही छ भन्ने विश्वास दिलाउनु आवश्यक हुन्छ।'

गैर सरकारी संस्था (एनजीओ) हरूकालागि अध्ययनको यो उपलब्धि मार्गदर्शक साबित हुने उहाँले बताउनुभयो। 'गैर सरकारी संस्थाहरूले आफ्ना गतिविधिमा पारदर्शिता र उत्तरदायित्व देखाउनसके स्थानीयस्तरबाटै पुँजी प्राप्त गर्न सक्छन्', डा. भोक्सले भन्नुभयो।

गैरसरकारी संस्थाहरूको वित्तीय स्थायित्व अभिवृद्धि गर्ने एडीबीको प्रयासमा यस पुस्तक 'Investing in Ourselves—Giving and Fund Raising in Nepal' लाई एक महत्त्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ। पुस्तकलाई दुई भागमा विभाजन गरिएको छ। पहिलो भागमा राष्ट्रिय प्रतिवेदन र दोस्रोमा पुँजी संकलनका गतिविधिहरूमा संलग्न गैरसरकारी संस्थाका चरणबद्ध घटना विश्लेषणहरू समेटिएका छन्। एशिया फाउण्डेसनको संयोजकत्त्वमा प्रकाशित यस पुस्तकमा समेटिएका राष्ट्रिय प्रतिवेदन र घटना विश्लेषण न्यू एराले तयार पारेको हो।

पुस्तक प्राप्त गर्न adbpub@adb.org मा इमेल गर्नुहोला वा नेपाल आवासीय नियोगमा सम्पर्क गर्नुहोला। ■

# राष्ट्रिय निर्देशकको सभापतित्वमा गोलमेच बैठक सम्पन्न



संवाद : नेपालकालागि एडीबीका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्स "Search Initiative 2002" सम्बन्धी छलफल सञ्चालन गर्दै ।

एशियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सले २०५९ साल भाद्र ४ गते संगठन सुदृढीकरण केन्द्र (ओडीसी) द्वारा आयोजित Search Initiative 2002 विषयक गोलमेच बैठकको सभापतित्व गर्नुभयो ।

बैठकमा नेपालका थुप्रै विकास संस्थाका प्रतिनिधिहरूले भाग लिएका थिए । सहभागीहरूले Search Initiative 2002 को मस्यौदा प्रतिवेदनमाथि आ-आफ्नो धारणा प्रस्तुत गरेका थिए । उक्त प्रतिवेदनले नेपालमा विकास योजनाहरूको व्यवस्थापनकालागि आवश्यक रणनीति विकास गरेको छ । संगठनका व्यवस्थापकीय तथा संस्थागत समस्या समाधानकालागि व्यावहारिक र प्रभावकारी उपाय विकास गर्न यस पुस्तकले सम्बन्धित संगठनका प्रमुख तथा प्रबन्धकहरूलाई सहयोग पुऱ्याउँछ । ■

# कार्यशाला तथा कार्यक्रमहरूको झाँकी

एशियाली विकास बैंक (एडीबी) ले विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्दै आएको छ । नेपाललाई आफ्नो प्राविधिक तथा वित्तीय सहायता उपलब्ध गराउने सिलसिलामै यी कार्यक्रम आयोजना गरिएका हुन् । विगतका केही महिनाहरूमा नेपाल आवासीय नियोगले आयोजना गरेका कार्यशाला तथा गोष्ठी निम्न छन् :

- वि.सं २०५९ साल आषाढ १८ देखि २१ गतेसम्म 'परामर्श सेवाको प्रयोग' विषयक गोष्ठी आयोजना गरिएको थियो । एडीबीको सहयोगप्राप्त आयोजना, सम्बन्धित् मन्त्रालय तथा सरोकारवाला संस्थाहरूबाट आएका ३५ प्रतिनिधिहरूले यसमा भाग लिएका थिए । यस गोष्ठीले एडीबीको वित्तीय तथा प्राविधिक सहायतामा सञ्चालित आयोजनाहरूकालागि परामर्शदाता फर्म नियुक्त गर्न गुणस्तर र लागतमा आधारित छनौट विधिको परिचय गराएको थियो । (विस्तृत जानकारीका लागि पृष्ठ ३ हेर्नुहोस् ।)
- वि.सं. २०५९ साल आषाढ २३ गतेका दिन 'सिस्टम लर्निङ्ग एप्रोच' (एसएलए) विषयक गोष्ठी आयोजना गरिएको थियो । यसमा तेस्रो पशु विकास परियोजना अन्तर्गतको प्राविधिक सहायता समूहका टोलीनेता ब्रायन हेड्लेले नेपाल आवासीय नियोगका कर्मचारीहरूकालागि एक एसएलए सम्बन्धी जानकारी दिनुभएको थियो । एसएलए भनेको एकदमै सहभागितामूलक प्रयास हो, जसमा विभिन्न साझेदारहरूको अनुभव, ज्ञान र सीपलाई सामुहिकरुपमा प्रयोगमा ल्याइन्छ । यसले प्रविधिलाई भन्दा व्यक्तिलाई परिवर्तनको केन्द्रबिन्दु बनाएको छ । परियोजनाले यो प्रयासलाई सफलतापूर्वक लागू गरिरहेको छ ।
- वि.सं. २०५९ साल भाद्र १४ गते 'कर्मचारी सूचना प्रणाली' (पीआईएस) विषयक गोष्ठी आयोजना गरिएको थियो । यसमा एडीबीको सहयोगमा सञ्चालित शासन सुधारकालागि संस्थागत सहायता (आईएसजीआर) का परामर्शदाता आशिष जोशीले नेपाल आवासीय नियोगका कर्मचारीहरूकालागि पीआईएस सम्बन्धमा जानकारी दिनुभएको थियो । आईएसजीआर अन्तर्गत सामान्य प्रशासन मन्त्रालयले सरकारी कर्मचारीहरूको व्यक्तिगत तथ्यांकलाई कम्प्यूटरमा उतारिरहेको छ । (यससम्बन्धी विस्तृत जानकारीकालागि **"समाचार नेपालबाट"** को आगामी अंक हेर्नुहोला ।)

एडीबीका आगामी कार्यक्रमहरू एडीबी/नेपाल आवासीय नियोगको वेबसाइटमा उपलब्ध छन्: http://www.adb.org/nrm. ■

## नियोगका कर्मचारीहरूको समाचार

एशियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका दुई कर्मचारीको हालै पदोन्नति भएको छ ।



**अनुराधा राणा** : वि.सं. २०४७ देखि नेपाल आवासीय नियोगमा कार्यरत श्रीमती अनुराधा राणा सन् वि.सं. २०५९ साल बैशाखदेखि कार्यकारी सहायकमा पदोन्नति हुनुभएको छ । यसअघि उहाँले बरिष्ठ प्रशासकीय सहायक पदमा रही सेवा दिँदै आउनुभएको थियो । उहाँ नियोगको परियोजना प्रशासन एकाईका कार्यक्रम तथा गतिविधि सुचारुरुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउनु हुन्छ । श्रीमती राणालाई नेपाल आवासीय नियोगमा १० वर्ष सेवा प्रदान गरेबापत् वि.सं. २०५६ पौष महिनामा सेवापद्वीद्वारा सम्मानित गरिएको थियो । नियोगमा आउनुअघि श्रीमती राणाले ग्रिन्डलेज बैंकको नेपाल शाखामा काम गर्नुभएको थियो । उहाँले बम्बे विश्वविद्यालयबाट विज्ञान संकायमा स्नातक तहसम्म अध्ययन गर्नुभएको छ ।



**केदार सुवेदी** : वि.सं. २०४९ सालदेखि नेपाल आवासीय नियोगमा कार्यरत श्री केदार सुवेदीलाई पनि वि.सं. २०५९ साल बैशाखदेखि पदोन्नति गरिएको छ । नियोगका राष्ट्रिय निर्देशकका सवारी चालक भई सेवा पुऱ्याउँदै आउनुभएका श्री सुवेदी हाल बरिष्ठ सामान्य सेवा पदमा हुनुहुन्छ । नियोगमा आउनुअघि उहाँ भारतको मुम्बईमा सवारी चालकको काम गर्नुहुन्थ्यो । उहाँले एसएलसीसम्म अध्ययन गर्नुभएको छ । ■


एडीबी
समाचार
नेपालबाट

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो । 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ । यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिँदैन । हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं ।



नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल ।
फोन : (९७७-१) २२७ ७७९, २२७ ७८४, २२० ३०५
फ्याक्स : (९७७-१) ०२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM


## राष्ट्रिय रणनीति कार्यक्रम सम्बन्धी जानकारी

नेपालकालागि २००३-२००५ सम्मको राष्ट्रिय रणनीति कार्यक्रम (सीएसपी अपडेट) सम्बन्धी अद्यावधिक जानकारी इन्टरनेटको वेबसाइटमा राखिएको छ । एडीबीले राष्ट्रिय योजना प्रक्रियासँग एकरुपता ल्याउन प्रत्येक ५ वर्षमा राष्ट्रिय रणनीति कार्यक्रम तयार पार्दै आएको छ । कार्यक्रमको सान्दर्भिकता र प्राथमिकता पुनर्मूल्यांकन गर्न तथा तीन वर्षे कार्यगत योजना बनाउन यससम्बन्धी अद्यावधिक जानकारी प्रत्येक वर्ष तयार पारिन्छ । रणनीति कार्यक्रमको पूर्ण विवरणका लागि इन्टरनेट वेबसाइट http://adb.org/NRM/activities.asp मा हेर्नुहोला । ■